जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ६१ २०८३ साल असोज १४ गते बुधबार (30 Sep 2026 Wednesday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु परिवर्तन, जलवायु... ३ पृष्ठमा : पाठ्यक्रम पुनरावलोकनका... ३ पृष्ठमा : इरानले आणविक विषयमा ...

## लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगर्न मधेश प्रदेश सरकारसँग माग



**दैनिक समाचारदाता**
**जनकपुर, १३ असोज ।**

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले सञ्चार माध्यमका लागि विनियोजन गरिएको लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगर्न मधेश प्रदेश सरकारसँग माग गरेको छ ।

महासंघ मधेश प्रदेश समितिले मंगलबार अर्थमन्त्री युवराज भट्टराईसमक्ष ज्ञापनपत्र बुझाउँदै सञ्चार क्षेत्रमा देखिएको आर्थिक संकटका बीच लोककल्याणकारी विज्ञापनको बजेट कटौती गर्दा सञ्चार माध्यम थप समस्यामा पर्ने जनाएको छ ।

पछिल्लो समय सरकारले विज्ञापनमा गरेको कटौती तथा सञ्चार माध्यमको आम्दानी घट्दै जाँदा पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यम आर्थिक संकटमा परेको महासंघको भनाइ छ ।

मधेश प्रदेश सरकारले गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गतको आमसञ्चार प्राधिकरणमार्फत विगतका वर्षदेखि सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको छ । महासंघका अनुसार रकम न्यून भए पनि त्यसबाट सञ्चार माध्यमलाई केही राहत पुग्दै आएको छ ।

चालु आर्थिक वर्षमा आमसञ्चार प्राधिकरणमार्फत लोककल्याणकारी विज्ञापनका लागि बजेट शीर्षक नम्बर २२५२२ मा ७० लाख रुपैयाँ विनियोजन गरिएको थियो । तर, वित्तीय समायोजनका नाममा उक्त बजेटको ५० प्रतिशत रोक्का गरिएपछि अब ३५ लाख रुपैयाँ मात्रै खर्च गर्न सकिने अवस्था बनेको महासंघले जनाएको छ ।

महासंघले सञ्चार माध्यमको आर्थिक अवस्था कमजोर हुँदै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनको बजेटसमेत घटाउँदा यसको प्रत्यक्ष असर सञ्चार माध्यम र पत्रकारको रोजगारीमा पर्ने जनाएको छ ।

ज्ञापनपत्रमा विनियोजित ७० लाख रुपैयाँमध्ये रोक्का गरिएको ५० प्रतिशत रकम फुकुवा गरी पूर्ण बजेट कार्यान्वयन गर्न माग गरिएको छ । साथै पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि स्थापना भएका मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणलाई थप प्रभावकारी बनाउन विनियोजित बजेटमा कटौती नगरी आवश्यकताअनुसार थप बजेट व्यवस्था गर्न पनि महासंघले आग्रह गरेको छ ।

महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाडाले सञ्चार माध्यमलाई राज्यको चौथो अंगका रूपमा मात्रै चर्चा गरेर नहुने भन्दै यसको संस्थागत तथा आर्थिक सबलीकरणका लागि सरकारले व्यवहारमै सहयोग गर्नुपर्ने बताए ।

महासंघले लोकतन्त्र, गणतन्त्र र संघीयतालगायतका राजनीतिक तथा सामाजिक परिवर्तनका आन्दोलनमा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरेको छ ।

ज्ञापनपत्र बुझ्दै अर्थमन्त्री भट्टराईले उक्त रकम अहिले मात्र रोक्का रहेको र वितरण प्रक्रिया अगाडि बढाएको खण्डमा खुल्ला गरिदिने प्रतिबद्धता व्यक्त गरे ।

## संघीय निजामती सेवासम्बन्धी विधेयक संसद्मा पेस गर्ने सरकारको निर्णय

काठमाडौँ, १३ असोज (रासस) ।

सरकारले सङ्घीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीय निजामती सेवा विधेयक संसद्मा पेस गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

बैठकले स्वास्थ्य सेवा सुधारका लागि अमेरिकी सरकारबाट प्राप्त हुने २० दशमल सात मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णयसमेत गरेको छ ।

मन्त्रिपरिषद्ले पूर्व-पश्चिम राजमार्गअन्तर्गत कमला-ढल्केवर-पथलैया सडक खण्ड, गजार्ड खोला साना जलविद्युत् आयोजना तथा ४० मेगावाट क्षमताको बलेफीखोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न स्वीकृति दिएको छ ।

सशस्त्र प्रहरी बल, नेपालका तालिम शिक्षालय, गुल्म तथा सीमा सुरक्षा पोष्ट निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न पनि स्वीकृति दिइएको छ । बैठकले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ संशोधन गर्न बनेका विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिएको छ ।

मन्त्रिपरिषद्ले प्रशासनतर्फ दुई उच्च अधिकारीको बढुवा तथा पदस्थापनसमेत गरेको छ । सहसचिव आभा श्रेष्ठ कर्णलाई बढुवा गरी गण्डकी प्रदेशको प्रमुख सचिवमा पदस्थापन गर्ने निर्णय भएको छ । नेपाल इञ्जिनियरिङ सेवातर्फका डा जगदीश्वर कर्माचार्यलाई बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको सचिवमा पदस्थापन गर्ने निर्णय भएको छ ।

## चार दिनको वर्षामा पाँच सय ४२ विपद्का घटना

काठमाडौँ, १३ असोज (रासस) ।

पछिल्लो भारी वर्षाका कारण देशभर ५४२ वटा विपद्का घटनामा परी २७ जनाको मृत्यु भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए)का अनुसार असोज ८ देखि ११ गतेसम्मको अवधिमा भएका विपद्का घटनामा चार जना बेपत्ता र आठ जना घाइते भएका छन् । ती विपद्का घटनाबाट एक हजार ८२ परिवार प्रभावित भएका छन् भने ११४ वटा पशुचौपाय क्षति भएको छ ।

प्राधिकरणका अनुसार यस अवधिमा पहिरोका ३०४ वटा घटना परी २० जनाको मृत्यु भएको थियो भने चार जना बेपत्ता र सात जना घाइते भएका छन् । त्यस्तै बाढीका ८७ वटा घटनामा चार जनाको मृत्यु भएको थियो । भारी वर्षासँग सम्बन्धित १५१ घटनामा तीन जनाको मृत्यु र एक जना घाइते भएका छन् ।

भारी वर्षाका कारण २२७ घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन भने १४२ घरमा आंशिक क्षति पुगेको छ । बाढी पहिरोबाट ३१ वटा पुलमा क्षति पुगेको छ ।

प्राधिकरणका अनुसार चार दिनको वर्षाका क्रममा देशभरका १८६ वटा वर्षा मापन केन्द्रमा १०० मिलीमिटरभन्दा बढी वर्षा भएको थियो । नवलपरासी ( बर्दघाट सुस्तापूर्व)को डेढगाउँमा सबैभन्दा बढी ५४४ दशमलव दुई मिलीमिटर, कास्कीको पञ्चासेमा ५०० दशमलव दुई मिलीमिटर र तनहुँको अत्रौलीटारमा ४७२ मिलीमिटर वर्षा मापन भएको थियो ।

बङ्गालको खाडीमा विकसित न्यूनचापीय प्रणालीका कारण यस अवधिमा देशका विभिन्न भूभागमा भारी वर्षा भएको प्राधिकरणले जनाएको छ ।

## रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयकको स्वागत

**दैनिक समाचारदाता**
**काठमाडौँ, १३ असोज ।**

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले 'रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रतिनिधिसभामा प्रस्तुत गरेका छन् ।

प्रस्तावमाथिको सामान्य छलफलमा भाग लिँदै सांसद रमेशकुमार मल्लले मधेसका नागरिकसहित सबै नेपालीको स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गर्न विधेयक ल्याइनु स्वागतयोग्य रहेको बताए । उनले अध्ययन र अनुसन्धानमा मात्र सीमित नरही दक्ष स्वास्थ्य जनशक्ति उत्पादन तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने विषयलाई विधेयकमा समेटिनु सकारात्मक रहेको उल्लेख गरे ।

सांसद आशा झाले विधेयक कार्यान्वयन भएपछि शिक्षा र स्वास्थ्य क्षेत्रमा पछाडि परेको मधेस प्रदेशले गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा प्राप्त गर्ने आधार तयार हुने बताइन् ।

सांसद युवराज दुलालले गुणस्तरीय र सर्वसुलभ शिक्षा प्रदान गर्नु आजको आवश्यकता रहेको बताए ।

छलफलमा सांसदहरू

*बाँकी अन्तिम पृष्ठमा*

### खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेवल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जलवायु परिवर्तन, जलवायु न्याय र घरपझोङ सम्मेलनः स्थानीय आवाजदेखि राष्ट्रिय एजेन्डासम्म

**डा दामोदर रेग्मी**

काठमाडौं, १३ असोज (रासस)।

जलवायु परिवर्तन आज मानव सभ्यताले सामना गरिरहेको जटिल, बहुआयामिक र दीर्घकालीन चुनौतीमध्ये एक हो। यो केवल वातावरणीय समस्या होइन; कृषि, खाद्य सुरक्षा, पानी, स्वास्थ्य, अर्थतन्त्र, रोजगारी, पूर्वाधार, गरिबी, मानव सुरक्षा र भावी पुस्ताको भविष्यसँग जोडिएको विकासको प्रश्न हो। औद्योगिक क्रान्तिपछि जीवाश्म इन्धनको व्यापक प्रयोग, तीव्र औद्योगिकीकरण, वन विनास, अनियन्त्रित सहरीकरण र प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण हरितगृह ग्यासको उत्सर्जन बढ्दै जाँदा पृथ्वीको तापक्रम वृद्धि भएको छ। परिणामस्वरूप हिमनदी पग्लने, हिमताल विस्फोटको जोखिम बढ्ने, वर्षाको स्वरूपमा परिवर्तन, बाढी, पहिरो, खडेरी, डढेलो तथा अन्य चरम मौसमी घटनाहरूको जोखिम बढिरहेको छ।

जलवायु परिवर्तनको गम्भीरता बढ्दै गएसँगै यसको न्यूनीकरण र अनुकूलनका लागि अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास भएका छन्। संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो प्रोटोकल र सन् २०१५ को पेरिस सम्झौताले विश्वव्यापी जलवायु शासनको आधार निर्माण गरेका छन्। पेरिस सम्झौताले विश्वको तापक्रम वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा निकै तल राख्ने तथा सम्भव भएसम्म १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्यलाई स्थापित गरेको छ। राष्ट्रिय रूपमा निर्धारित योगदान, जलवायु विज्ञानसम्बन्धी अनुसन्धान, पूर्वचेतावनी प्रणाली, अनुकूलन, नवीकरणीय ऊर्जा र हरित प्रविधिको विकासले पनि समाधानका नयाँ सम्भावना सिर्जना गरेका छन्।

औद्योगिक क्रान्तिपछि हरितगृह ग्यास उत्सर्जनमा भएको तीव्र वृद्धिले पृथ्वीको तापक्रम बढाउँदै लगेको छ। यसको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि विगत केही दशकदेखि अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास हुँदै आएका छन्। पेरिस सम्झौता, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि तथा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलजस्ता पहलले जलवायु परिवर्तनलाई विश्वव्यापी नीति र विकासको केन्द्रमा ल्याउन महत्वपूर्ण योगदान गरेका छन्।

जलवायु परिवर्तन नियन्त्रणका क्षेत्रमा भएका प्रयासबाट केही महत्त्वपूर्ण उपलब्धि पनि हासिल भएका छन्। नवीकरणीय ऊर्जाको विकास र प्रयोग विस्तार भएको छ, ऊर्जा दक्षता तथा विद्युतीय यातायाततर्फ विश्वको ध्यान बढेको छ, वन संरक्षण तथा पुनःस्थापनाका कार्यक्रम अघि बढेका छन् र धेरै देशले कार्बन उत्सर्जन घटाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेका छन्। जलवायु परिवर्तनसम्बन्धी जोखिम, अनुकूलन र विपद् व्यवस्थापनलाई विकास योजनासँग जोड्ने अभ्यास पनि बढेको छ। निजी क्षेत्र, नागरिक समाज, स्थानीय समुदाय र युवाको सहभागिता विस्तार हुनु अर्को सकारात्मक उपलब्धि हो।

यी प्रयासबाट उपलब्धिहरू पनि हासिल भएका छन्। सौर्य, वायु, जलविद्युतलगायत नवीकरणीय ऊर्जाको प्रयोग विस्तार भएको छ। विद्युतीय यातायात, ऊर्जा दक्ष प्रविधि, हरित भवन, स्वच्छ उत्पादन प्रणाली र कम-कार्बन अर्थतन्त्रको अवधारणा अघि बढेको छ। वन संरक्षण, वृक्षरोपण, जलाधार संरक्षण, जलवायु-स्मार्ट कृषि तथा अनुकूलनका कार्यक्रम विस्तार भएका छन्। जलवायु परिवर्तनलाई सार्वजनिक नीति र विकास योजनाको अभिन्न विषयका रूपमा हेर्ने क्रम बढेको छ भने नागरिक समाज, युवा, निजी क्षेत्र र स्थानीय समुदायको सहभागिता पनि विस्तार भएको छ। यति प्रयासहरू हुँदाहुँदै पनि विश्वव्यापी तापक्रम वृद्धि नियन्त्रण गर्न आवश्यक गतिमा उत्सर्जन घट्न सकेको छैन र जीवाश्म इन्धनमा निर्भरता अझै ठूलो छ। जलवायु परिवर्तनका प्रभाव तीव्र हुँदै जाँदा प्रतिबद्धता र कार्यान्वयनबीचको अन्तर अझै चुनौतीका रूपमा रहेको छ। यही कारण जलवायु परिवर्तनलाई केवल उत्सर्जन न्यूनीकरणको प्राविधिक विषयका रूपमा होइन, न्यायको विषयका रूपमा पनि हेर्नुपर्ने आवश्यकता बढेको हो।

**जलवायु परिवर्तनबाट जलवायु न्यायतर्फ**

जलवायु परिवर्तनको सबैभन्दा महत्त्वपूर्ण पक्ष यसको असमानता हो। सबै देश र समुदायले जलवायु परिवर्तनमा समान योगदान गरेका छैनन् र यसको असर पनि सबैले समान रूपमा भोगिरहेका छैनन्। ऐतिहासिक रूपमा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने औद्योगिक तथा विकसित मुलुकको तुलनामा नेपालजस्ता न्यून उत्सर्जन गर्ने देशले जलवायु परिवर्तनको असमान रूपमा ठूलो असर व्यहोर्नुपरेको छ। हिमाली क्षेत्रमा हिमनदी पग्लनु, हिमताल विस्फोटको जोखिम, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी तथा कृषि उत्पादनमा आउने परिवर्तनले स्थानीय समुदाय र जोखिममा रहेका वर्गलाई प्रत्यक्ष प्रभावित गरिरहेका छन्।

जलवायु न्यायको प्रश्न केवल 'उत्सर्जन कसरी घटाउने ?' भन्ने प्रश्न होइन। यसको अर्को महत्त्वपूर्ण प्रश्न हो- जसले बढी उत्सर्जन गरे, उनीहरूले बढी जिम्मेवारी कसरी वहन गर्ने र जसले कम योगदान गरे तर बढी क्षति व्यहोरे, उनीहरूलाई वित्त, प्रविधि, क्षमता र आवश्यक सहयोग कसरी उपलब्ध गराउने भन्ने विषय प्राथमिक हो। यही सन्दर्भमा साझा तर विभेदित जिम्मेवारी, समानता, अन्तरपुस्तीय न्याय, क्षति तथा नोक्सानीको सम्बोधन, जलवायु वित्तमा पहुँच र प्रविधि हस्तान्तरण महत्त्वपूर्ण हुन्छन्। जलवायु परिवर्तनका कारण भएको क्षति तथा नोक्सानीलाई अन्तरराष्ट्रिय रूपमा स्वीकार गर्दै वित्तीय संयन्त्र विकास हुनु सकारात्मक कदम भए पनि त्यसको प्रभावकारी कार्यान्वयन र पर्याप्त स्रोत परिचालन अझै आवश्यक छ।

नेपालको सन्दर्भमा जलवायु न्यायको अर्थ हिमाल, पहाड र तराईका फरक-फरक जोखिमलाई सम्बोधन गर्नुमात्र होइन; जलवायु नीति र कार्यक्रमलाई कृषि, ऊर्जा, वन, पर्यटन, स्वास्थ्य, पूर्वाधार, वित्तीय प्रणाली, सङ्घीय शासन र स्थानीय विकाससँग जोड्नु पनि हो। महिला, युवा, किसान, विपन्न समुदाय, आदिवासी जनजाति तथा प्राकृतिक स्रोतमा निर्भर समुदायको आवाज र सहभागितालाई जलवायु शासनको केन्द्रमा राख्नु आवश्यक छ। जलवायु परिवर्तनविरुद्धको सङ्घर्षलाई केवल 'हरित विकास' मा सीमित नराखी 'न्यायपूर्ण हरित विकास'मा रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ। जलवायु नीतिको सफलता उत्सर्जन घटेको तथ्याङ्कबाट मात्र होइन, कति मानिस सुरक्षित भए, कति समुदायको जीवनयापन जोगियो र स्रोत तथा अवसरको वितरण कति न्यायपूर्ण भयो भन्ने आधारमा पनि मूल्याङ्कन हुनुपर्छ।

**हिमाली संवेदनशीलता र स्थानीय शासन**

नेपाल जलवायु परिवर्तनका दृष्टिले विशेष संवेदनशील मुलुक हो। हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनका प्रभाव फरक-फरक रूपमा देखिन्छन्। हिमनदी र हिमतालसँग जोडिएका जोखिमदेखि पहाडी क्षेत्रमा पहिरो, पानीका मुहान सुक्ने समस्या तथा तराईमा बाढी र अत्यधिक गर्मीका घटनासम्म जलवायु परिवर्तनले जीवन र अर्थतन्त्रलाई प्रभावित गरिरहेको छ। हिमालयको महत्व नेपालमा मात्र सीमित छैन; यसको पारिस्थितिक प्रणाली पानी, कृषि, ऊर्जा, जैविक विविधता र दक्षिण एसियाका करोडौं मानिसको जीवनसँग सम्बन्धित छ। यस्तो अवस्थामा जलवायु शासनलाई स्थानीय तहसम्म पुऱ्याउनु अपरिहार्य हुन्छ। सडक, खानेपानी, कृषि, वन, पर्यटन, स्वास्थ्य, बस्ती विकास र विपद् व्यवस्थापनजस्ता क्षेत्र स्थानीय सरकारका दैनिक कार्यक्षेत्रसँग प्रत्यक्ष सम्बन्धित छन्।

जलवायु जोखिमलाई स्थानीय विकास योजनामा समेटन नसक्दा विकासका लागि गरिएको लगानी स्वयं जोखिममा पर्न सक्छ। त्यसैले स्थानीय तहका योजना निर्माणमा जलवायु जोखिम मूल्याङ्कन, अनुकूलन क्षमता, विपद् जोखिम न्यूनीकरण र वातावरणीय दिगोपनलाई अभिन्न अङ्ग बनाउन आवश्यक छ। यही व्यापक पृष्ठभूमिमा नेपालको मुस्ताङस्थित घरपझोङ गाउँपालिकामा सम्पन्न घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ विशेष महत्वको पहलका रूपमा देखापरेको छ।

**घरपझोङ सम्मेलन : स्थानीय आवाजको राष्ट्रिय अभिव्यक्ति**

गत भदौ ३० र ३१ मा मुस्ताङको घरपझोङमा सम्पन्न दुईदिने सम्मेलनले जलवायु परिवर्तनलाई वातावरणीय विषयमा मात्र सीमित नराखी विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक विषयका रूपमा प्रस्तुत गरेको छ। कालीगण्डकीको तट र हिमाली भूभागको परिवेशमा सम्पन्न सम्मेलनको विशेष महत्व यसको भौगोलिक अवस्थितिमात्र होइन, देशभरका स्थानीय सरकारलाई जलवायु परिवर्तनको साझा मुद्दामा एउटै मञ्चमा ल्याउने प्रयासमा पनि रहेको छ।

सम्मेलनमा ४३१ स्थानीय तह तथा ४१ जिल्ला समन्वय समितिका प्रतिनिधि सहभागी भएको तथ्यले यसको राष्ट्रिय आयाम देखाउँछ। प्रारम्भिक तयारीमा देशका ७५३ वटै स्थानीय तहलाई सहभागिताका लागि आह्वान गरिएको थियो। यसले जलवायु परिवर्तन अब सङ्घीय सरकार वा वातावरणविद्हरूको मात्र विषय नभई नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहेका स्थानीय सरकारको पनि जिम्मेवारीको विषय बनिसकेको सङ्केत गर्दछ। सम्मेलनको केन्द्रमा जलवायु न्याय रहेको थियो।

नेपालले विश्वव्यापी उत्सर्जनमा न्यून योगदान गरे पनि हिमाली संवेदनशीलताका कारण ठूलो जोखिम व्यहोर्नुपरेको विषय सम्मेलनमा उठाइएको थियो। हिमनदी पग्लिने क्रम, हिमताल फुट्ने जोखिम, अनियमित हिमपात, हिमपहिरो, सुक्खा पहिरो, पानीका मुहान तथा सिँचाइमा देखिएका समस्या र त्यसको कृषि, पशुपालन तथा पर्यटनमा परेको प्रभावबारे छलफल गरिएको थियो। यस सम्मेलनले जलवायु परिवर्तनको बहसलाई विश्वव्यापी तापक्रम, कार्बन उत्सर्जन र अन्तरराष्ट्रिय प्रतिबद्धताबाट उठाएर स्थानीय जीवन, स्थानीय अर्थतन्त्र र स्थानीय शासनसँग जोड्ने प्रयास गरेको छ।

**हिमाली एजेन्डा र जलवायु कूटनीति**

घरपझोङ सम्मेलनको अर्को महत्त्वपूर्ण पक्ष नेपालको हिमाली मुद्दालाई राष्ट्रियमात्र नभई अन्तर्राष्ट्रिय जलवायु एजेन्डासँग जोड्नु हो। हिमालयमा भइरहेको परिवर्तनको प्रभाव नेपालका सीमाभन्दा बाहिरसम्म पुग्ने भएकाले हिमालय संरक्षणलाई विश्वव्यापी जलवायु उत्तरदायित्वको विषयका रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता छ। नेपालले अन्तरराष्ट्रिय जलवायु मञ्चमा आफ्नो न्यून उत्सर्जन र उच्च जोखिमको अवस्थालाई प्रभावकारी रूपमा प्रस्तुत गर्दै माउन्टेन एजेन्डा र जलवायु न्यायका विषयलाई सशक्त बनाउनुपर्ने आवश्यकता सम्मेलनले औँल्याएको छ। जलवायु कूटनीतिलाई विकास सहायता वा वित्त प्राप्त गर्ने प्रयासमा मात्र सीमित नगरी हिमाली पारिस्थितिक प्रणालीको संरक्षण र प्रभावित समुदायको अधिकारसँग जोड्नु आवश्यक देखिन्छ।

**घरपझोङ घोषणापत्र**

सम्मेलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा ४९ बुँदे घरपझोङ घोषणापत्र, २०८३ जारी गरिएको छ। घोषणापत्रले जलवायु परिवर्तनलाई वातावरणीय विषयमा मात्र सीमित नराखी राष्ट्रिय विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक सङ्कटका रूपमा स्वीकार गरेको छ। जलवायु अनुकूल योजना, सुरक्षित बस्ती विकास, जलवायु-सहिष्णु कृषि, प्राकृतिक स्रोत संरक्षण, पानीका मुहान तथा हिमनदी संरक्षण, फोहर व्यवस्थापन र जोखिम न्यूनीकरणलाई प्राथमिकता दिने प्रतिबद्धता यसमा समेटिएको छ।

घोषणापत्रले समावेशी जलवायु शासनलाई पनि महत्व दिएको छ। महिला, युवा, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायलाई नीति तथा निर्णय प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको छ। जलवायु परिवर्तनको असर सबै समुदायमा समान नहुने भएकाले जोखिममा रहेका समुदायको अनुभव, आवश्यकता र स्थानीय ज्ञानलाई नीति निर्माणको आधार बनाउनु आवश्यक हुन्छ। यससँग परम्परागत ज्ञान र आधुनिक विज्ञानबीचको समन्वय पनि महत्त्वपूर्ण छ। हिमाली तथा ग्रामीण समुदायले पुस्तौंदेखि पानीका मुहान संरक्षण, स्थानीय बीउ, पशुपालन, प्राकृतिक स्रोत व्यवस्थापन र मौसमसम्बन्धी स्थानीय ज्ञान प्रयोग गर्दै आएका छन्। आधुनिक जलवायु विज्ञान, पूर्वचेतावनी प्रणाली र प्रविधिसँग यस्तो ज्ञानलाई जोड्न सकेमा जलवायु अनुकूलन अझ प्रभावकारी बन्न सक्छ।

**स्थानीय सरकार र जलवायु वित्त**

सङ्घीय शासन प्रणालीमा नागरिकसँग सबैभन्दा नजिक रहेको सरकार स्थानीय तह हो। जलवायु परिवर्तनको वास्तविक प्रभाव पनि स्थानीय बस्ती, खेत, सडक, पानीका मुहान, विद्यालय, स्वास्थ्य संस्था र स्थानीय अर्थतन्त्रमा देखिन्छ। स्थानीय सरकारलाई जलवायु परिवर्तनको कार्यान्वयनकर्तामात्र होइन, नीति निर्माणको साझेदारका रूपमा स्थापित गर्न आवश्यक छ तर जिम्मेवारीसँगै स्रोत र क्षमता पनि आवश्यक हुन्छ। स्थानीय तहलाई पर्याप्त वित्तीय स्रोत, प्राविधिक जनशक्ति, सूचना, प्रविधि र संस्थागत क्षमता उपलब्ध गराउनुपर्छ।

यसै सन्दर्भमा जलवायु वित्तमा स्थानीय पहुँच अत्यन्त महत्त्वपूर्ण विषय हो। अन्तरराष्ट्रिय जलवायु वित्त स्थानीय तहसम्म प्रभावकारी रूपमा पुग्न नसकेमा वास्तविक जोखिममा रहेका समुदायले अपेक्षित लाभ पाउन सक्दैनन्। स्थानीय जोखिम, भौगोलिक संवेदनशीलता, जनसङ्ख्या र सामाजिक अवस्थालाई आधार बनाएर जलवायु वित्तको वितरण गर्नु आवश्यक देखिन्छ। जलवायु वित्तलाई स्थानीय तहका आवधिक योजना र वार्षिक बजेट प्रणालीसँग जोड्न सकिएमा जलवायु अनुकूलन कार्यक्रमलाई परिणाममुखी बनाउन सकिन्छ। प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय जलवायु जोखिम नक्सा तयार गरी जोखिममा रहेका बस्ती, पानीका मुहान, कृषि प्रणाली, पूर्वाधार तथा बढी प्रभावित हुनसक्ने समुदाय पहिचान गर्न सक्छ। यसले जलवायु परिवर्तनको बहसलाई नाराबाट तथ्यमा आधारित र परिणाममुखी शासनतर्फ लैजान सक्छ।

**घोषणापत्रको कार्यान्वयनमा प्रतिबद्धता आवश्यक**

कुनै पनि सम्मेलनको वास्तविक सफलता घोषणापत्र जारी हुनुमा मात्र निर्भर हुँदैन। घोषणापत्रको कार्यान्वयन नै यसको वास्तविक परीक्षा हो। ४९ बुँदे प्रतिबद्धता स्थानीय, प्रदेश र सङ्घीय सरकारका नीति तथा कार्यक्रमसँग कसरी जोडिन्छ, त्यसका लागि आवश्यक स्रोत कहाँबाट जुटाइन्छ, कार्यान्वयनको अनुगमन कसरी हुन्छ र प्राप्त उपलब्धिको मापन कसरी गरिन्छ भन्ने विषय निर्णायक हुनेछन्। यसका लागि घरपझोङ

*बाँकी अन्तिम पृष्ठमा*


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# पाठ्यक्रम पुनरावलोकनका मुद्दा : व्यावहारिक सीप, प्रविधि र जलवायु परिवर्तनदेखि विपद् व्यवस्थापनसम्म

**प्रकाश सिलवाल**

काठमाडौँ, १३ असोज (रासस)।

बदलिँदो सामाजिक, आर्थिक र प्रविधिगत परिवेशअनुकूल पाठ्यक्रममा परिवर्तनका लागि सरोकारवालाबीच घनीभूत विमर्श भइरहेको छ। 'विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारुप, (एनसिएफ) २०७६' माथि पुनरावलोकन गर्न नेपाल सरकारले कार्यदलले गठन गरेपछि आम नागरिम र सरोकारवालाबाट विभिन्न माध्यमबाट राय-सुझाव आउने क्रम चलेको छ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को गत वैशाख ११ गते शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा भएको ९८औँ बैठकले काठमाडौँ विश्वविद्यालयको 'स्कुल अफ एजुकेसन' का तत्कालीन डिन प्रा डा बालचन्द्र लुइँटेलको संयोजकत्वमा पाठ्यक्रमको प्रारुप पुनरावलोकन कार्यदल गठन गरेको थियो। शैक्षिक वर्ष २०८० सालदेखि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ सालको पाँच वर्षे चक्र पूरा भएकाले त्यसमा पुनरावलोकन गर्न लागिएको हो।

प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मको प्रारुपका लागि सुझाव प्रतिवेदनको मार्गदर्शनमा क्रमशः नयाँ पाठ्यक्रम र पाठ्यक्रम तर्जुमा हुनेछ। संयोजक डा लुइँटेलले विभिन्न माध्यमबाट करिब ५० हजार नागरिकसँग सुझाव लिने योजनाअनुरुप पहिलो चरणमा करिब २५ हजार नागरिकको सुझाव आइसकेको र थप सुझाव लिएर आगामी माघसम्ममा प्रतिवेदन बुझाइने बताउनुभयो। उहाँले पाठ्यक्रम निर्माण आफैँमा एक अभियान भएकाले सुझाव सङ्कलनमा नागरिकस्तरको सहभागिताले समुदायको स्वामित्व ल्याउने बताउनुभयो। पुनरावलोकनको प्रक्रियालाई बढीभन्दा बढी समुदायको अपनत्व लिने प्रक्रियामा जाने जनाउँदै उहाँले ती सुझावहरूले प्रभावकारी पाठ्यक्रम निर्माण र निर्माणपछि पनि कार्यान्वयनमा सहजता उत्पन्न हुने बताउनुभयो।

कार्यदललाई मूलत, सक्षमता, व्यावसायिक तथा प्रविधिक शिक्षा, रैथाने ज्ञान, मानव मूल्य र नैतिक शिक्षा, कला, खेल, स्वास्थ्य, समावेशीकरण, विपद् व्यवस्थापन, माध्यम भाषा र मातृभाषा शिक्षण विधि, मूल्याङ्कन पद्धति, पाठ्यक्रम कार्यान्वयन आदि विषयमा सुझाव आउने क्रम जारी रहेको छ।

कार्यदलका सदस्य सचिव एवं पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक महेन्द्र पराजुलीले पाठ्यक्रममा प्रमुख सरोकारवाला, बालबालिका र शिक्षकसँग कक्षाकोठामै पुगेर कार्यान्वयनको अवस्था बुझेर सुझावसमेत सङ्कलन गरिएको बताउनुभयो। विज्ञहरूले तयार पारेको १२ वटा 'थिमेटिक पेपर', अनुसन्धानका प्रतिवेदनका सुझावहरू र सरोकारवालाको सुझाव सल्लाहलाई समेत समेटेर परिमार्जनको कार्य अगाडि बढाइने बताउँदै महानिर्देशक पराजुलीले नैतिक शिक्षा र संस्कारसहितको शिक्षा, जलवायु परिवर्तन अनुकूलता र विपद्जन्य घटनाहरूको विषय, सूचना प्रविधि, एआई, कोडिङको विषय, पाठ्यक्रमलाई चुस्त फुर्तिलो र व्यावहारिक बनाउने जस्ता सुझावहरू आउको जानकारी दिनुभयो।

कार्यदललाई प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मलाई एउटै संरचनामा आबद्ध गर्ने, एकल पथीय ढाँचाको आधार तयार गर्ने तथा स्थानीय पाठ्यक्रममार्फत मातृभाषा र स्थानीय ज्ञानलाई स्थान दिने महत्त्वपूर्ण नीतिगत आधार निर्माण गरे पनि यसको कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक चुनौतीलाई सम्बोधन गर्न आग्रह दिइएको छ। अहिलेको २१औँ शताब्दीको शिक्षाले 'के पढाउने' भन्दा विद्यार्थीले 'के गर्न सक्छ' र उसको सोच तथा समस्या समाधान गर्ने क्षमता कस्तो छ भन्ने पक्षलाई प्राथमिकता दिनुपर्ने सरोकारवालाको सुझाव छ।

सुझाव दिने क्रममा प्रधानाध्यापक सङ्घ, नेपाल (पान) ले विद्यालय शिक्षालाई जीवनोपयोगी, सीपमुखी, प्रविधिमैत्री र उत्पादनसँग जोड्ने गरी पाठ्यक्रममा व्यापक परिमार्जन गर्न आग्रह गरेको छ। पानले देशभरका विद्यालय नेतृत्व, शिक्षाविद्, विषयविज्ञ, शिक्षक, अभिभावक तथा स्थानीय तहका सरोकारवालासँगको चरणबद्ध संवाद र १२ वटा विषयगत कार्यपत्रमार्फत प्राप्त निष्कर्षका आधारमा अवधारणा-पत्र तयार गरेर शिक्षामन्त्रीसमक्ष हस्तान्तरण गरिसकेको सङ्घका अध्यक्ष सुदाम गौतम जानकारी दिनुभयो। उहाँले राष्ट्रिय पाठ्यक्रम प्रारूपको पुनरावलोकन विषयवस्तु थपघट गर्ने प्राविधिक अभ्यासमा मात्र सीमित नभई नेपालको शैक्षिक प्रणालीलाई बदलिँदो सामाजिक, आर्थिक तथा प्रविधिगत परिवेशअनुकूल बनाउने अवसरका रूपमा लिनुपर्ने बताउनुभयो।

अध्यक्ष गौतमले नयाँ पाठ्यक्रम कार्यान्वयनअघि शिक्षकलाई कम्तीमा छ महिनाअघि नयाँ सिकाइ पद्धति, एआई तथा डिजिटल प्रविधि र मूल्याङ्कनसम्बन्धी प्रयोगात्मक तालिम दिनुपर्ने जनाउँदै प्रधानाध्यापकलाई विद्यालयको प्रशासनिक प्रमुख मात्र नभई 'प्रमुख शैक्षिक नेता'का रूपमा विकास गर्नुपर्ने र पाठ्यक्रम कार्यान्वयन, शिक्षक मेन्टरिङ तथा आन्तरिक मूल्याङ्कनको गुणस्तर सुनिश्चित गर्न आवश्यक कानुनी, नीतिगत तथा व्यवस्थापकीय स्वायत्तता प्रदान गर्नुपर्ने सुझाव दिइएको जानकारी दिनुभयो। उहाँले पाठ्यक्रम पुनरावलोकनलाई विषयवस्तुको पुनर्वितरण वा पाठ थपघट गर्ने अभ्यासमा मात्र सीमित नगरी युवालाई स्वदेशमै अवसर खोज्न सक्ने, सीपयुक्त, स्वावलम्बी र जिम्मेवार नागरिक बनाउने शैक्षिक रूपान्तरणको आधार बनाउन आवश्यक छ भन्नुभयो।

शैक्षिक अभियन्ता अभिषेक घिमिरेका विचारमा विषयगत संरचनामा विद्यार्थीलाई परम्परागत सैद्धान्तिक ज्ञानमा मात्र सीमित नराखी सामाजिक चेतना, प्रविधि, सीप, उद्यमशीलता, वातावरण, नैतिक आचरण र भाषिक दक्षतासँग जोड्नुपर्छ। अभियन्ता घिमिरेले 'सामुदायिक तथा सामाजिक विकास अध्ययन' अन्तर्गत समाजशास्त्र, नागरिक चेतना, स्थानीय समस्या पहिचान, सामाजिक न्याय, सहकार्य, विपद् व्यवस्थापन तथा सामुदायिक सेवाका विषय समेटिनुपर्ने, 'आविष्कार, नवप्रवर्तन र प्रविधि उद्यमोदय (टेक स्टार्टअप) अन्तर्गत विज्ञान, कम्प्युटर र व्यावहारिक गणितलाई एकीकृत रूपमा अध्ययन गराउँदै नयाँ प्रविधि, डिजाइन थिङ्किङ र नवप्रवर्तनशील सोचको विकासमा जोड दिनुभयो।

'सीप विकास र उद्यमशीलतता' विषय क्षेत्रअन्तर्गत कृषि, काष्ठकला, सिलाइ-बुनाइ, विद्युत्, मेकानिकललगायतका व्यावहारिक प्राविधिक सीपसँगै वित्तीय साक्षरता, व्यावसायिक योजना र 'पढ्दै कमाउँदै' कार्यक्रमलाई समेट्न प्रस्ताव गरिएको छ। 'रोबोटिक्स तथा कृत्रिम बौद्धिकता (एआई) अन्तर्गत आधुनिक सूचना प्रविधि, कोडिङ, रोबोटिक्स, डिजिटल साक्षरता तथा २१औँ शताब्दीका प्राविधिक दक्षता विकासलाई प्राथमिकता दिनुपर्ने सुझावमा उल्लेख छ।

'प्रकृति तथा पर्यावरण' विषयमा भूगोल, वातावरण संरक्षण, स्थानीय जैविक विविधता, जडीबुटी, विश्व तथा ब्रह्माण्ड अध्ययन र दिगो विकासका विषय समेटिनुपर्ने र 'नैतिक तथा आचरण शिक्षा (वैज्ञानिक संस्कार' अन्तर्गत मानवीय मूल्य, पूर्वीय दर्शन, योग, ध्यान, सामाजिक अनुशासन, चरित्र निर्माण, दया, करुणा र कर्तव्यबोधलाई समेट्नुपर्ने र 'भाषिक अध्ययन' मा मातृभाषा, राष्ट्रभाषा नेपाली र अन्तरराष्ट्रिय सम्पर्क भाषा अङ्ग्रेजीको सन्तुलित तथा व्यावहारिक भाषिक दक्षता विकासलाई केन्द्रमा राख्न पनि आग्रह गरिएको छ।

**व्यावहारिक र डिजिटल सीपदेखि आएआइसम्म**

प्राथमिक तहदेखि नै कम्प्युटेसनल थिङ्किङ, माध्यमिक तहमा कोडिङ, एआई साक्षरता, साइबर सुरक्षा र डेटा नैतिकतालाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाउन सुझाव दिइएको छ। कक्षा १ देखि ५ सम्म कम्प्युटर प्रयोगशाला नभएका विद्यालयमा समेत 'अनप्लग्ड' विधिबाट समस्या विभाजन, ढाँचा पहिचान, अमूर्तीकरण र तार्किक अल्गोरिदम निर्माणको अभ्यास गराउनुपर्ने सुझाव छ। कक्षा ६ देखि ८ मा ब्लक कोडिङ तथा इन्टरनेट सुरक्षा र व्यक्तिगत डेटा गोपनीयतासम्बन्धी ज्ञान समावेश गर्न तथा कक्षा ९ देखि १२ मा एआई, प्रोप्ट इन्जिनियरिङ, मेसिन लर्निङका प्रारम्भिक सिद्धान्त र डेटा विश्लेषणबारे आधारभूत ज्ञान दिन प्रस्ताव गरिएको छ।

साधारण धारका विद्यार्थीलाई समेत कक्षा ६ देखि कम्तीमा दुईवटा बजारयोग्य व्यावहारिक सीप सिकाउनुपर्ने छ। आधुनिक कृषि, हाइड्रोपोनिक्स, प्लम्बिङ, हाउस वायरिङ, कम्प्युटर तथा मोबाइल मर्मत, काष्ठकला, सिलाइ-बुनाइ र बेकिङ-कुकिङलगायत सीपलाई स्थानीय आवश्यकता र सम्भावनाअनुसार छनोट गर्न सकिने छ। यसैगरी माध्यमिक तहमा व्यक्तिगत बजेट, डिजिटल बैंकिङ, क्यूआर भुक्तानी, कर प्रणाली, बीमा तथा शेयर बजारका आधारभूत पक्ष समेटेर वित्तीय साक्षरता अनिवार्य गर्न र विद्यालयमै उत्पादित सामग्रीको बजारीकरणका लागि 'इनोभेसन एण्ड इन्टरप्राइज ल्याब' स्थापना गर्न सुझाव दिइएको छ।

**परियोजनामुखी र अन्तरविषयक सिकाइ**

विज्ञान, प्रविधि, इञ्जिनियरिङ, कला र गणित (स्टिम) लाई एकीकृत गरी परियोजनामुखी सिकाइलाई पाठ्यक्रमको महत्वपूर्ण हिस्सा बनाउन सुझाव दिइएको छ। प्रत्येक विषयको वार्षिक क्रेडिट भारमध्ये कम्तीमा ३० प्रतिशत हिस्सा स्थलगत अनुसन्धान तथा समस्या समाधानमा आधारित परियोजनाका लागि छुट्याउनुपर्ने प्रस्ताव छ। स्थानीय खोलाको पानी परीक्षण, तथ्याङ्क विश्लेषण, जनचेतनामूलक सामग्री निर्माण र फोहर व्यवस्थापनजस्ता वास्तविक जीवनका समस्यालाई विभिन्न विषयसँग जोडेर सिकाइ गराउन सकिए समयसापेक्ष हुनेछ।

**'बुक-फ्रि डे' को सन्दर्भ**

विद्यालय शिक्षामा अतिरिक्त क्रियाकलापलाई औपचारिक सिकाइसँग जोड्न साप्ताहिक एक दिन 'बुक-फ्रि डे' वा 'बुकलेस डे' का रूपमा सञ्चालन गरी त्यसलाई राष्ट्रिय क्रेडिट-आवर संरचनामा समावेश सबैजसो प्रदेशबाट सुझाव आएको छ। काठमाडौँ महानगरबाट सुरु भएको यो अभियानलाई विद्यार्थीको प्रतिभा प्रस्फुटन र बहुआयामिकता सिर्जनामा उपयोगी मानिएको छ।

'बुक-फ्रि डे' मा सार्वजनिक वक्तृत्व, सञ्चारकला, टोलीकार्य, नेतृत्व विकास, रोबोटिक्स, कला, सङ्गीत, काष्ठकला, आधारभूत इलेक्ट्रोनिक्स, प्राथमिक उपचार, योग, ध्यान, विपद् पूर्वतयारी, वृक्षरोपण तथा स्थानीय सम्पदा संरक्षणजस्ता व्यवहारिक गतिविधि सञ्चालन गर्न सकिने छ ।

**परीक्षाभन्दा क्षमता परीक्षणमा जोड**

मूल्याङ्कन प्रणालीलाई समेत क्षमता-आधारित बनाउनुपर्ने छ। वास्तविक समस्या समाधान, उच्चस्तरीय सोच, सिर्जनशीलता र प्रयोगात्मक क्षमताको परीक्षण गर्ने गरी प्रश्नपत्र निर्माण गर्नुपर्ने सुझाव छ।

आन्तरिक मूल्याङ्कनका लागि स्पष्ट मानक, विद्यार्थीको डिजिटल पोर्टफोलियो तथा आन्तरिक मूल्याङ्कनको निष्पक्षता सुनिश्चित गर्न अन्तरविद्यालय 'पोर्टफोलियो

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### इरानले आणविक विषयमा ठोस प्रस्ताव गरे ट्रम्प आर्थिक प्रतिबन्ध फुकुवा गर्न तयार

वासिङ्टनडीसी, १३ असोज (रासस/एएनआई)।

इरानले आणविक विषयमा ठोस प्रस्ताव गरे अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इरानमाथि लगाएको आर्थिक प्रतिबन्धमा राहत दिन र जफत गरिएको रकम जारी गर्न इच्छुक रहेको अमेरिकी अधिकारीले बताएका छन्। संयुक्त राज्य अमेरिकाले मध्यस्थकर्तामार्फत सकारात्मक र रचनात्मक छलफल गरिरहेको बताउँदै अधिकारीले आणविक मुद्दा सम्बोधन नगरेसम्म कुनै सम्झौता नहुने उल्लेख गरेका छन्। यसअघि आइतवार ट्रम्पले एक्सियोसलाई यस हप्ता इरानसँग थप वार्ता हुने अपेक्षा गरेको बताउनुभएको थियो। अमेरिकी अधिकारीका अनुसार विशेष दूत स्टिभ विटकोफ, जारेड कुसनर, उपराष्ट्रपति जेडी भान्स र विदेशमन्त्री मार्को रुबियोले अमेरिकी पक्षमा वार्ताको नेतृत्व गरिरहेका थिए। अधिकारीका अनुसार इरानले आणविक मुद्दामा लचिलो हुने सङ्केत गरेको छ, तर दुवै पक्षले प्रतिबद्धताको समयमा सहमतिमा भने पुगिसकेका पुगेका छैनन्। यसैबीच, इरानी विदेशमन्त्री अब्बास अराघचीले सोमबार तेहरानले न्यूयोर्कमा कतारी मध्यस्थकर्तामार्फत संयुक्त राज्य अमेरिकासँग थप अप्रत्यक्ष वार्ता गरेको अल जजिराले जनाएको छ। मङ्गलबारसम्म इरानले वासिङ्टनबाट आधिकारिक प्रतिक्रियाको प्रतिक्षा गरिरहेको उहाँले बताउनुभयो। पत्रकारसँग कुरा गर्दै अराघचीले क्षेत्रीय तनाव र हर्मुजमा गम्भीर सुरक्षा अवस्थाबारे इरानको धारणा व्यक्त गर्नु गत हप्ताको संयुक्त राष्ट्र महासभाको सत्रमा उहाँको सहभागिताको प्रमुख उद्देश्य भएको बताउनुभयो।

अल जजिराका अनुसार, इरानी विदेशमन्त्रीले विशेष सर्त पूरा भएमा तेहरानले सङ्कट समाधान गर्न र महत्वपूर्ण जलमार्ग पुनः खोल्नका लागि निष्पक्ष र तार्किक योजना अगाडि बढाएको दोहोर्‍याउनुभयो। "हाम्रो उद्देश्य यी सर्त अमेरिकी पक्ष र अन्य सबै राष्ट्रलाई बुझाउनु थियो, अन्तरराष्ट्रिय समुदायलाई यस सन्दर्भमा इरानको योजना छ भनेर सचेत गराउनु थियो," अराघचीले भन्नुभयो विद्यमान मतभेद कम गर्ने र तेहरानका प्रस्तावको कार्यान्वयनलाई सहज बनाउने उद्देश्यले नयाँ उपाय कतारका मध्यस्थकर्ताले पछिल्लो बैठकमा पेस गरेका थिए भने हाल ती विचार वासिङ्टनमा फिर्ता पठाइएका छन्। "कतारी र पाकिस्तानी मध्यस्थकर्ताले आदानप्रदान गरेका यस्ता सञ्चार र सन्देश सधैँ सराहनिय भएता पनि इरानले अघि सारेको प्रस्तावलाई ध्यानमा राख्दै वार्ता प्रक्रियाले अझै गम्भीर प्रकृतिलाई लिएको बताएको अल जजिराले रिपोर्ट गरेको छ। यसअघि ट्रम्पले अमेरिकी अधिकारीले इरानमा मध्यस्थकर्तासँग छलफल गरेको पुष्टि गरेको अल जजिराले जनाएको छ। ओभल अफिसमा पत्रकारसँग कुरा गर्दै, ट्रम्पले कुराकानीको पुष्टि गरेको तर वार्ताको बारेमा थप विवरण नदिएको जजिराले जनाएको छ। अल जजिराले उद्धृत गरेको इरानी मिडियाका अनुसार तेहरान र वासिङ्टनबीचको अवस्थाको पछिल्लो प्रस्ताव र घटनाक्रमबारे छलफल गर्न न्युयोर्कमा मध्यस्थकर्तासँग पनि अराघचीको भेट हुने कार्यक्रम थियो।

कतारको प्रतिनिधिमण्डलले गत हप्ता संयुक्त राज्य अमेरिकाको यात्रा गरी आर्थिक राहतको बदलामा स्ट्रेट अफ हर्मुज पुनः खोल्ने सम्बन्धमा अमेरिकी अधिकारीलाई इरानी प्रस्ताव प्रस्तुत गरेपछि यो बैठक भएको हो। गत हप्ता, ८१औँ संयुक्त राष्ट्रसङ्घीय महासभाको अवसरमा, अराघचीले सात दिनको प्रस्तावको रूपरेखा प्रस्तुत गर्नुभयो जस अन्तर्गत इरानले वाशिङ्टनले केही सर्त पूरा गरेमा स्ट्रेट अफ होर्मुज पुनः खोल्ने छ। इरानले यो प्रस्ताव बिचौलियामार्फत पठाइएको र जलमार्ग पुनः खोल्नलाई अमेरिकी सैन्य दबाब कमलगायतका उपायसँग जोडेको बताएको छ। यद्यपि, आइतवार संयुक्त राष्ट्रका लागि अमेरिकी राजदूत माइक वाल्ट्जले तेहरानले आफ्नो आणविक कार्यक्रममा वार्ता गर्नु अघि प्रतिबन्ध राहत र अरबौँ जफत भएको सम्पत्तिमा पहुँच मागेको दाबी गर्दै वासिङ्टनले प्रस्ताव अस्वीकार गरेको बताउनुभयो। वाल्ट्जले अमेरिकाले अन्ततः इरानसँग सम्झौतामा पुग्न आवश्यक भएकाले ट्रम्पले सबै सम्भावित विकल्प प्रस्ताव गरेको जनाउनुभएको छ। अमेरिकी अधिकारीले वाल्ट्जको दाबीलाई दोहोर्‍याउँदै संयुक्त राज्य अमेरिका इरानको प्रतिज्ञाप्रति शङ्कास्पद रहेको बताउँदै देशले जुलाईमा व्यापारिक जहाजमा गोली हानेर अमेरिका-इरानको समझदारी ज्ञापनपत्र उल्लङ्घन गरेको बताएका छन्। तेहरान नयाँ शत्रुताको सम्भावनाका लागि तयारी गर्दै कूटनीतिका लागि तयार रहेको पनि उहाँले बताउनुभयो। हर्मुजको जलमार्ग विवादको केन्द्र बिन्दु बनेको हो भने इरान एक निर्धारित छलफल पछि जलमार्ग पुनः खोल्न तयार रहेको इरानी पक्षले जनाएको छ।

### भारतमा बाढीका कारण लाखौँ विस्थापित

नयाँदिल्ली, १३ असोज (रासस/क्यूएनए)।

भारतीय अधिकारीहरूले मङ्गलबार भारतको महानदीमा पानीको स्तर बढ्दै जाँदा बाढीको जाखिमको पूर्वानुमानमा पूर्वीराज्य ओडिसाको तल्लो क्षेत्रबाट कम्तिमा एक लाख ४० हजार मानिसलाई सुरक्षित आश्रयमा सारिएको रिपोर्ट गरेका छन्। राजस्व तथा विपद् व्यवस्थापनमन्त्री सुरेश पुजारीले सरकारले ओडिसाको तल्लो क्षेत्रबाट एक लाख ४० हजार मानिसलाई उद्धार गरेको घोषणा गर्नुभएको छ। हिराकुड बाँधबाट अतिरिक्त पानी छोडेपछि घना जनसङ्ख्या भएको तटीय क्षेत्रहरू हुँदै बग्ने महानदीमा बाढी आएको अधिकारीले बताए।यो बाढी भारतका विभिन्न भागलाई असर गर्ने गम्भीर मौसमी बाढी सङ्कटको एक भाग हो भने केरला राज्यले भारी मनसुन वर्षा र पाहाडी क्षेत्रमा पहिरोका कारण विनाशकारी बाढीको सामना गरेको छ। यो वर्ष दोहोरिएको ढाँचा असम र गुजरातजस्ता अन्य राज्यमा एकै साथ बाढीको छालसँगै आएको छ। यसले विगतका वर्षमा देखिएको नोक्सानको पुनरावृत्ति रोक्न पूर्वाधार र विपद् व्यवस्थापन प्रणालीमा निरन्तर दबाब दिएको जनाइएको छ।

# महोत्तरीमा जग्गाप्राप्ति सम्बन्धी २८ हजार बढी आवेदन

महोत्तरी, १३ असोज (रासस) ।
भूमिहीन र अव्यवस्थित बसोवासीसमेत २८ हजार व्यक्तिले लालपुर्जा प्राप्तिका लागि आवेदन गरेका छन् ।

भूमि समस्या समाधान समिति महोत्तरीले समितिको हालसम्मको कामबारे जानकारी दिँदै जिल्लामा २८ हजार ४३५ आवेदन प्राप्त भएको जनाएको छ । प्राप्त आवेदनमध्ये २८ हजार २२७ प्रणाली (तोकिएको ढाँचामा फाइल खडा गर्ने) मा प्रविष्ट भइसकेका र २०८ प्रविष्ट गर्न बाँकी रहेको समितिले स्पष्ट पारेको छ ।

प्रणालीमा प्रविष्ट आवेदनमध्ये सबैभन्दा बढी भूमिहीन परिवारका १६ हजार २३९ आवेदन छन् । जसमध्ये आठ हजार ४१८ भूमिहीन दलितका र सात हजार ८२१ भूमिहीन सुकुमवासीका रहेका समितिका अध्यक्ष तथा जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो ।

अव्यवस्थित बसोवासीका ११ हजार ६९१ आवेदन प्राप्त भएका समितिले जनाएको छ । समितिले २१७ वटा आवेदन प्रणालीमा सामेल नगर्ने गरी अस्वीकृत गरेको अध्यक्ष यादवले जानकारी दिनुभयो । "हामीले जिम्मेवारी तोकिएसँगै कामलाई निरन्तरता दिँदै आएका छौँ", यादव भन्नुहुन्छ, "पद्धति र निश्चित पक्रियाबाट अघि बढ्ने हो, यसले केही समय लाग्छ ।"

धेरैजसो काम स्थलगत, वडा र पालिका तहमै गर्नुपर्ने प्रकृतिका हुँदा सबैसँग समन्वय गरेर अघि बढिएको यादवको भनाइ छ । जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहमा १३८ वडा छन् । जसमध्ये छवटा वडाबाट कुनै प्रकृति ( भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी)का आवेदन नपरेका समितिले जनाएको छ ।

यस्ता वडामा सम्सी-४, पिपरा-१, सोनमा-५ र ६ एवं मनराशिश्वा-७ र ९ रहेका छन् । भूमि समस्या समाधानका लागि हकदाबीको सातदिने सूचना ११७ वडामा प्रकाशन गरिएको छ भने ९३ वटा वडामा वडास्तरीय सहजीकरण समिति गठन भएर काम अघि बढेको अध्यक्ष यादवले बताउनुभयो ।

समितिबाट २६ वडाका भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी पहिचान भइसकेको समितिले स्पष्ट पारेको छ ।

जिल्लामा पालिकास्तरमा अहिलेसम्म सम्सी, सोनमा, महोत्तरी, जलेश्वर र बर्दिबासमा मात्र सहजीकरण समिति बनेका छन् । स्थलगत अध्ययन, जग्गाको प्रकृति, हकभोगको अवस्था एकिन, नापनक्सा, वडास्तरीय सहजीकरण र पालिकास्तरीय सहजीकरण समितिबाट किटानसाथ निर्णय भएका आवेदन जिल्लाको भूमि समस्या समाधान समितिले आवश्यक अध्ययन गरेर टुङ्ग्याउने प्रक्रिया बनेको छ ।

वर्तमान सरकार गठनपश्चात जिल्ला तहमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भूमि समस्या समाधान समिति गठन गरिएको हो । समितिले आवश्यक सबै पक्रिया अवलम्बन गरी सम्बद्ध पक्ष (भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी)लाई जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) दिइने जनाएको छ ।

# प्रोत्साहन भत्तामा सबै शिक्षक-कर्मचारीलाई समान व्यवहार गर्न माग

काठमाडौँ, १३ असोज (रासस) ।
नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत शिक्षक तथा विद्यालय कर्मचारीका लागि व्यवस्था गरिएको प्रोत्साहन भत्तामा विभिन्न प्रकृतिका अस्थायी शिक्षक तथा कर्मचारीलाई विभेद् अन्त्य नगर्न सरकारसँग माग गरेको छ ।

सो सङ्गठनका अध्यक्ष हंशबहादुर शाही र महासचिव प्रकाश खनालद्वारा जारी विज्ञप्तिमा सामुदायिक विद्यालयमा स्थायी तथा विभिन्न प्रकृतिका अस्थायी शिक्षक-कर्मचारीले एउटै विद्यालय, कक्षाकोठा र समान शैक्षिक जिम्मेवारी निर्वाह गरिरहेको अवस्थामा सेवा-सुविधा र प्रोत्साहन भत्तामा विभेद् गर्नु न्यायोचित नहुने उल्लेख गरिएको छ ।

सङ्गठनले राहत, करार, साविक उच्च माध्यमिक तथा प्राविधिक धार, सङ्घीय शिक्षण सिकाइ अनुदान, बालविकास, विद्यालय कर्मचारी, लेखा सहायक, विद्यालय नर्स तथा स्थानीय र प्रदेश अनुदानलगायतका शिक्षक-कर्मचारीलाई समेत प्रोत्साहन भत्ता उपलब्ध गराउन माग गरेको हो ।

विज्ञप्तिमा अस्थायी प्रकृतिका शिक्षक तथा कर्मचारीको सेवा निरन्तरता, सामाजिक सुरक्षा, पेसागत सम्मान र दीर्घकालीन रोजगारी सुनिश्चित हुनेगरी स्पष्ट र दीर्घकालीन नीति निर्माण गर्न पनि माग गरिएको छ । पटकपटक करार नवीकरण गर्नुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गर्न सरकारसँग आग्रह गरिएको छ ।

# उत्पादनको ७० प्रतिशत निर्यात नगरेका उद्योगलाई कारबाही

काठमाडौँ, १३ असोज (रासस) ।
विशेष आर्थिक मापदण्ड पूरा नगरेका उद्योगलाई कारबाही गरिने भएको छ । विशेष आर्थिक क्षेत्र प्रधिकरणले कार्यविधिअनुसार कुल उत्पादनको ७० प्रतिशत निर्यात गर्न नसकेका पन्चकन्या एसएस एक्सपोर्टलाई कारबाही गर्न लागेको हो ।

विशेष आर्थिक क्षेत्र प्राधिकरणका निमित्त कार्याकारी निर्देशक डा दिवाकर लुइँटेलका अनुसार पन्चकन्या एसएस एक्सपोर्टले शर्तअनुरुपको उत्पादनलाई निर्यात गर्न नसकेपछि निष्काशन गरिएको जानकारी दिनुभयो ।

प्राधिकरणले विशेष आर्थिक क्षेत्रमा रहेका उद्योगलाई कूल उत्पादनको ७० प्रतिशत निर्यात गर्नुपर्ने अनिवार्य व्यवस्था तोकेको छ । पन्चकन्या एसएस एक्सपोर्टले उत्पादन गर्ने मेटलको ट्याङ्की तोकिएबमोजिम निर्यात गर्न नसकेको जनाइएको छ ।

विशेष आर्थिक क्षेत्रमा आवश्यक पूर्वाधार निर्माणदेखि उद्यमीलाई करमा सहुलियत उपलब्ध गराइएको छ । भैरहवामा यो क्षेत्र करिब ५२ बिघामा फैलिएको छ । एक हजार ४०० देखि तीन हजार ७०० वर्गमिटर सम्मको ६९ औद्योगिक जग्गाहरू यहाँ रहेका छन् ।

दुई दशक अगाडि भैरहवामा स्थापित विशेष आर्थिक क्षेत्र देशको पहिलो निर्यातमुखी औद्योगिक क्षेत्र हो । यहाँ स्थापना गरिएका उद्योग बिक्री गर्न नपाइने भएकाले उनीहरूले निर्माण गरेका उद्योग तथा कम्पनी भत्काएर लैजानुपर्ने हुन्छ ।

उद्योग मन्त्रालयअन्तर्गत विशेष आर्थिक क्षेत्र प्राधिकरणले देशका विभिन्न क्षेत्रहरूमा विशेष आर्थिक क्षेत्रहरू स्थापनाका लागि पूर्वसम्भाव्यता र सम्भाव्यता अध्ययन सञ्चालन गर्न तथा देशभर विशेष आर्थिक क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण गर्दै आएको छ ।

व्यवसायीलाई कर प्रोत्साहन, भन्सार महसुल छुट र सुव्यवस्थित नियामक प्रक्रियालगायतका सेवा प्रदान गरेको छ ।

विदेशी लगानी आकर्षित गर्न कर छुट, कम शुल्क, उत्पादन तथा सेवाका उद्योग स्थापना गर्न स्वदेशी र विदेशी लगानीकर्तालाई आकर्षित गर्न खोजिएको छ । उक्त आर्थिक क्षेत्र भैरहवा र सिमरामा अहिले सञ्चालनमा छन् । पाँचखालमा पूर्वाधार विकास कार्यहरूको लागि थप अध्ययन तथा लगानीकर्ताको खोजी भइरहेको छ ।

# बालबालिकामा शीघ्र श्वासप्रश्वास सङ्क्रमणको दर बढ्यो : जनस्वास्थ्य कार्यालय

चितवन, १३ असोज (रासस) ।
जिल्लामा पाँच वर्षमुनिका बालबालिकामा शीघ्र श्वासप्रश्वास सङ्क्रमणको दर बढेको छ । आर्थिक वर्ष २०८१/०८२ को तुलनामा आर्थिक वर्ष २०८२/०८३ मा यो सङ्ख्या बढेको हो ।

जनस्वास्थ्य कार्यालयका जनस्वासथ्य निरीक्षक चन्द्रबहादुर हमालका अनुसार गत आर्थिक वर्षमा प्रतिहजार बालबालिकामा ४३१ जनामा यो समस्या देखिएको थियो । उहाँका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा यो सङ्ख्या ३९६ रहेको थियो । हरेक वर्ष यस्तो रोगका बालबालिका बढ्दै गएको भन्दै उहाँले बालबालिकाको स्वास्थ्यमा ख्याल गर्न अनुरोध गर्नुभयो ।

विशेषगरी आर्थिक अपस्था कमजोर भएको र ग्रामीण क्षेत्रका बालबालिकामा यो रोगको समस्या देखिएको उहाँको भनाइ छ । इच्छाकामना गाउँपालिका, कालिका नगरपालिका, माडी नगरपालिकाका बालबालिकामा यो रोगको सङ्क्रमणदर वढ्दो रहेको छ । अहिले जिल्लामा पाँच वर्षमुनिका बालबालिका ४५ हजार ६०८ जना छन् ।

यो सङ्क्रमणमा एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकाको श्वासप्रश्वास प्रतिनिमनेट ४० पटकभन्दा बढी हुन नहुने, दुई महिनादेखि एक वर्षसम्मको ५० पटक र दुई महिनामुनिका बालबालिकाको ६० पटक हुनुपर्ने हुन्छ । श्वासप्रश्वासमा समस्या देखिँदा रुघा, खोकी लाग्ने, निमोनिया हुने र बच्चाको कोखा हानेकोजस्तो हुने, खान मन नगर्नेलगायतका लक्ष्यण देखिए जटिल समस्या भएको मान्ने गरिन्छ । यस्तो समस्या देखिएका बालबालिकालाई तत्काल नजिकको स्वास्थ्य संस्थामा लगेर स्वास्थ्य परीक्षण गर्नुपर्ने उहाँको भनाइ छ ।

भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा किरण देवकोटा छिटो श्वासप्रश्वास हुनु रोग नभए पनि रोगको लक्ष्यण भएको बताउनुहुन्छ । यस्ता बालबालिकामा निमोनिया, स्वासनलीमा समस्यालगायतका कारण हुने गर्दछ । मौसमी फ्लुका कारण बालबालिकामा यो समस्या हुने उहाँले जानकारी दिनुभयो । यो सङ्क्रमणबाट बच्नका लागि चिसो, धुवाँ, धुलोबाट बच्नुपर्छ ।

## जलवायु परिवर्तन ...

घोषणापत्रलाई राष्ट्रिय जलवायु नीति, राष्ट्रिय अनुकूलन योजना तथा स्थानीय तहका आवधिक योजना र वार्षिक बजेटसँग जोड्न आवश्यक छ ।

स्थानीय तहका योजना बनाउँदा जलवायु जोखिमलाई छुट्टै वातावरणीय कार्यक्रमका रूपमा मात्र नभई कृषि, खानेपानी, सडक, स्वास्थ्य, पर्यटन, बस्ती विकास, विपद् व्यवस्थापन र स्थानीय आर्थिक विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्नुपर्छ । सम्मेलनले 'स्थानीय सरकार जलवायु पार्क' स्थापना गर्ने घोषणा गर्नुका साथै प्रत्येक दुई वर्षमा राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गरी संवाद र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ । यी पहलहरूलाई ज्ञान, अनुभव, प्रविधि र असल अभ्यास आदानप्रदान गर्ने संस्थागत मञ्चका रूपमा विकास गर्न सकिएमा यसको दीर्घकालीन उपयोगिता अझ बढ्न सक्छ ।

यस सम्मेलनको मूल सन्देश यही हो कि जलवायु परिवर्तनको समाधान केन्द्रबाट मात्र आउँदैन; यसको समाधान स्थानीय समुदायबाट पनि निर्माण हुनुपर्छ । हिमालको समस्या हिमालमै सीमित छैन र तराईको बाढी तराईमै सीमित छैन । जलवायु परिवर्तनले हिमाल, पहाड र तराईलाई फरक-फरक रूपमा प्रभावित गरिरहेको छ । त्यसैले स्थानीय अनुभव, ज्ञान, आवश्यकता र नवप्रवर्तनलाई राष्ट्रिय जलवायु रणनीतिको अभिन्न हिस्सा बनाउनुपर्छ ।

जलवायु परिवर्तनका क्षेत्रमा विश्वले महत्त्वपूर्ण प्रयास र केही उपलब्धि हासिल गरेको भए पनि चुनौती अझ गम्भीर छ । त्यसैले अबको जलवायु नीति उत्सर्जन घटाउने विषयमा मात्र केन्द्रित हुनु पर्याप्त हुँदैन । कसले बढी योगदान गर्‍यो, कसले बढी क्षति व्यहोर्‍यो, स्रोत कसरी न्यायपूर्ण रूपमा वितरण हुन्छ र भावी पुस्ताको अधिकार कसरी सुरक्षित हुन्छ भन्ने प्रश्नलाई पनि केन्द्रमा राख्नुपर्छ । नेपालका लागि जलवायु सङ्कट चुनौतीमात्र होइन, विकासको नयाँ बाटो रोज्ने अवसर पनि हो । हरित ऊर्जा, जलवायु-सहिष्णु कृषि, वातावरणमैत्री पर्यटन, वन तथा जलाधार संरक्षण, हरित रोजगारी र स्थानीय नवप्रवर्तनमार्फत जलवायु-अनुकूल अर्थतन्त्र निर्माण गर्न सकिन्छ तर यस्तो विकासको लाभ र लागत न्यायपूर्ण रूपमा वितरण हुनुपर्छ ।

यस अर्थमा घरपझोङ सम्मेलनलाई नेपालको जलवायु शासनमा स्थानीय आवाजलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय जलवायु एजेन्डासँग जोड्ने महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ । यसको वास्तविक महत्व सम्मेलन सम्पन्न भएको घटनामा होइन, यसले उठाएका सवाल कति गहिरोसँग नीति, योजना, बजेट, संस्था र व्यवहारमा रूपान्तरण हुन्छन् भन्ने कुरामा निर्भर हुनेछ । घरपझोङको ४९ बुँदे प्रतिबद्धता स्थानीय तहको योजना र बजेटमा, स्थानीय जलवायु जोखिमको नक्सामा, जलवायु वित्तको न्यायपूर्ण पहुँचमा, हिमाली एजेन्डाको अन्तरराष्ट्रिय पैरवीमा र नागरिकको दैनिक जीवनमा रूपान्तरण हुन सक्यो भने घरपझोङ एउटा सम्मेलन स्थलको नाममा सीमित रहने छैन । त्यो जलवायु न्याय, स्थानीय शासन र हिमाली आवाजलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने प्रतीक बन्नसक्छ । जलवायु परिवर्तनविरुद्धको हाम्रो यात्रा केवल पृथ्वीको तापक्रम घटाउने यात्रा होइन; यो मानव जीवन सुरक्षित गर्ने, प्रकृति जोगाउने, विकासलाई न्यायपूर्ण बनाउने र भावी पुस्ताप्रति हाम्रो दायित्व पूरा गर्ने यात्रा हो । यही यात्रामा घरपझोङको आवाजले स्थानीय अनुभवलाई राष्ट्रिय सङ्कल्प र राष्ट्रिय सङ्कल्पलाई विश्वव्यापी जलवायु न्यायसँग जोड्ने सेतुको भूमिका निर्वाह गर्नसक्छ । *(लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)*

## रामराजा प्रसाद ...

प्रमिला कुलुजु, माधवबहादुर थापा, परशुराम तामाङ, टुकाभद्रा हमाल, गुरुप्रसाद बराल, अङ्किता ठाकुर, डा पुष्पराज कँडेल, नीनुकुमारी कर्ण, विष्णुमाया विक, साजिदा खातुन सिद्धिकी, मोहनलाल आचार्य, प्रभा ढकाल, अशोककुमार चौधरी र डा लेखजङ्ग थापाले भाग लिनुभएको थियो ।

## पाठ्यक्रम ...

अडिट'को व्यवस्था गर्न सुझाव दिइएको छ ।

**जलवायु परिवर्तन र विपद् शिक्षा**

नेपालको भौगोलिक तथा जलवायुजन्य जोखिमलाई ध्यानमा राख्दै विद्यालय तहबाटै विपद् पूर्वतयारी र जलवायु परिवर्तनसम्बन्धी व्यावहारिक शिक्षा दिनुपर्नेछ । हालैको भोटेकोशी बाढीको विनास र ठुलो मानवीय एवं भौतिक क्षतिको पाठबाट पूर्व सचेतना तथा मानव बस्ती विकासको नयाँ चिन्तनका लागि विद्यार्थीकालदेखि जागरण ल्याउनुपर्नेछ ।

भूकम्प, बाढी, पहिरो र आगलागीबाट जोगिने उपाय, खोज तथा उद्धारका आधारभूत सीप र प्राथमिक उपचारसहित वर्षमा कम्तीमा दुईपटक विपद् पूर्वअभ्यास गराउने व्यवस्था पाठ्यक्रममै समावेश गर्नुपर्ने प्रस्ताव छ ।

**संस्कार, मानसिक स्वास्थ्य र स्थानीय ज्ञान**

सामाजिक-भावनात्मक सिकाइलाई पनि पाठ्यक्रमको अनिवार्य अङ्ग बनाउनुपर्नेमा जोड दिइएको छ । आत्मचेतना, तनाव व्यवस्थापन, भावनात्मक सन्तुलन, समानुभूति र सम्बन्ध व्यवस्थापनजस्ता विषयलाई सिकाइसँग जोड्नुपर्ने सुझाव छ । शिक्षक, अभिभावक तथा ज्येष्ठ नागरिकप्रतिको सम्मान, राष्ट्रिय स्वाभिमान, सामाजिक सद्भाव र इमानदारीजस्ता पक्षलाई व्यवहारमा आधारित मूल्याङ्कनसँग जोड्न प्रस्ताव गरिएको छ । स्थानीय पाठ्यक्रमलाई पुस्तकमा सीमित नगरी स्थानीय भूगोल, रैथाने ज्ञान, पेसा, जडीबुटी, इतिहास र संस्कृतिको प्रत्यक्ष अवलोकन तथा अनुसन्धानमा आधारित बनाउनुपर्ने सुझाव छ ।

पाठ्यक्रम पुनरावलोकन कार्यदलमा संयोजक डा लुइँटेलका अतिरिक्त सदस्यहरू डा लेखनाथ पौडेल, डा दाहाल, डा अमिना सिंह, पवित्रबहादुर गौतम, डा प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सागेन्द्र श्रेष्ठ, रीचा न्यौपाने, रेवती कार्की र सदस्य सचिवमा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक पराजुली हुनुहुन्छ । शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपालले पनि यसअघि 'विद्यालय तहको पाठ्यक्रम पुनरावलोकन: सरोकारवालाको दृष्टिकोण र सुझाव' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेर सुझाव दिइसकेको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*